


# प्याज खेती प्रविधि

## १. परिचय

प्याज एक महत्त्वपूर्ण मसला बाली हो । प्याजको पात र गानो दुवैलाई तरकारीको रूपमा प्रयोग गरिन्छ । प्याजमा प्रशस्त मात्रामा विभिन्न प्रकारका खनिज पदार्थ, भिटामिन, आदि तत्त्वहरू पाइन्छन् । प्याजलाई जङ्गली जनावरहरूले पनि क्षति कम गर्ने र उत्पादन पश्चात् हुने क्षति कम हुने भएकाले मध्यवर्ती क्षेत्रमा खेतिका लागि उपयुक्त बाली हो ।

## २. हावापानी

राम्रो उत्पादनका लागि प्याज खेती ६० मिटरदेखि २००० मिटरसम्मको क्षेत्रमा खेती गर्न सकिन्छ । प्याजको वृद्धि विकासका लागि १३ देखिदेखि २५ डिग्री सेण्टीग्रेड तापक्रम उपयुक्त हुन्छ ।

## ३. माटो

प्याज खेतीका लागि पानी नजम्ने र प्राङ्गाारिक पदार्थ प्रशस्त भएको माटो उपयुक्त हुन्छ । माटोमा पि.एच् ५.८ देखि ६.५ हुनु पर्दछ ।

## ४. जमिनको तयारी

प्याज खेतीका लागि खनजोत गहिरो तथा एकनाससँग गर्नु पर्दछ । डल्ला फोर्ने, झार जिलाउने र २-३ पटक खन्ने वा जोत्ने गरेपछि जमिन तयार हुन्छ र प्रति रोपनी ५०-६० डोका राम्ररी कुहिएको गोबर वा कम्पोष्ट मल जमिनको तयारी गर्दा माटोमा राम्रोसँग मिलाई राख्नुपर्छ ।


## ५. जातहरू

रेडक्रियोल, नासिक रेड, एन ५३, एग्री फाउण्ड, अर्ली रेड, सुपरेक्स आदि ।

## ६. बीउदर र रोप्ने दुरी

बीउ ४००-५०० ग्राम प्रतिरोपनी र बेर्ना २५,००० देखि ३०,००० प्रतिरोपनी

**रोप्ने दुरी** पहिलो लाइनदेखि दोस्रो लाइनसम्म १५ से.मी पहिलो बोटदेखि दोस्रो बोटसम्म १० सेमी



कृषकले प्याजको दुरीकायम गरी विरूवा रोप्दै, चित्रः ग्रोइनोभा

## ७. बेर्ना उमार्ने प्रविधि

- » जमिन राम्रोसँग खनजोत गर्ने, डल्ला फुटाउने, झारपात, छेस्का र मसिना ढुङ्गा हटाउने, माटो मसिनो र बुरबुराउँदो बनाउनु पर्दछ र राम्ररी पाकेको गोबरमल मिसाउने ।
- » एक मिटर चौडाइ, आवश्यकता अनुसार लम्बाइ र करिव १० देखि १५ से.मि. उचाइ वा गहिराइको ब्याड बनाउने ।
- » राम्रोसँग बीउ उमार्नको लागि १ दिन अगाडि बीउलाई पानीमा भिजाई चिसो कपडामा राखेर भिजाउनु पर्दछ । टुसाएको बीउलाई ब्याडमा एकनासले मिलाएर छर्नु पर्दछ र छापो प्रयोग गर्ने ।
- » आवश्यकता अनुसार सिँचाइ गरेर पानी जम्न नदिने ।
- » नर्सरीमा राम्रोसँग उम्रिएका र हुर्काइएका विरूवा ८-१० हप्तामा रोप्न लाएक हुन्छन् ।

## ८. बीउ छर्ने र बाली लगाउने समय

| क्षेत्र | बीउ छर्ने समय | बेर्ना रोप्ने समय |
|---|---|---|
| तराई | असोज -कात्तिक | मङ्सिर-पौष |
| मध्य पहाड | मध्य कात्तिक-मध्य मङ्सिर | मध्य पौष-मध्य माघ |

श्रोत : तरकारी खेती प्रविधि पुस्तिका, २०७७

## ९. मलखाद

प्याजको राम्रो उत्पादन लिनका लागि प्रशस्त मल आवश्यक पर्दछ । प्रति रोपनी २००० के.जी राम्रोसँग पाकेको गोबर मल र पोटासको आपूर्ति गर्नको लागि माटोमा खरानु प्रयोग गर्नु राम्रो हुन्छ ।

## १०. सिँचाइ

प्याजलाई बाली अवधिभर ६-७ पटक सिँचाइ गर्नु पर्दछ । सिँचाइ गर्दा जमिनमा रहेको चिस्यानको मात्रा ख्याल गर्ने र पानी जम्न दिनु हुँदैन ।

## ११. गोडमेल

प्याज बालीलाई आवश्यक्ता अनुसार ३-४ पटक गोडमेल गर्ने गर्नु पर्दछ । गोडमेल गर्दा आवश्यक मात्रामा पाकेको गोबरमल प्रयोग गर्ने र सिँचाइ गर्ने ।



कृषकले प्याजको विरूवामा सिंचाई गर्दै, चित्रः ग्रोइनोभा

## १२. उत्पादन

प्रति रोपनी सरदर १५००-२००० के.जी.सम्म उत्पादन हुन सक्छ ।

## १३. बाली लिइसकेपछि गरिने क्रियाकलापहरू

### १३.१ क्युरिङ गर्ने

प्याज खनिसके पछि सिधै भण्डारण गर्नु हुँदैन । प्याजमा रहेको माटो राम्रोसँग सफा गरेर एक हप्ता सम्म छहारीमा फिजाएर सुकाउने । यसो गर्दा प्याजको गानोमा भएको चिस्यानको मात्रा कम हुन्छ र भण्डारण गर्दा लाग्ने ढुसीजन्य रोग कम हुन्छ । यो विधि अपनाउदा प्याजलाई लामो समय सम्म भण्डारण गर्न सकिन्छ ।



कृषकले वोट सहित सफा गदै सुकाउन लागेका, चित्र : ग्रोइनोभा



प्याजलाई कृषकले ग्रेडीङ्ग गर्दै, चित्र : ग्रोइनोभा

### १३.२ ग्रेडिङ

ग्रेडिङ गर्दा रोग लागेका, टुसाएका र घाउँ चोट लागेका प्याजका गानाहरूलाई अलग गरेर राख्नु पर्दछ । राम्रा गानाहरूको साईज अनुसार विभिन्न वर्गमा छुट्टाएर क्रेट वा जाली बोरामा राख्नु पर्दछ ।

### १३.३ भण्डारण

प्याज भण्डारणका लागि सफा, सुख्खा र राम्रोसँग हावा प्रवाह हुने ठाउँ हुनुपर्दछ । गाउँघरमा प्याजलाई भण्डारण गर्दा बोरा, डोको आदिमा विभिन्न तरिकाले राख्नुका साथै घरको माथिल्लो तलामा वा सफा, सुख्खा र हावाको प्रवाह हुने ठाँउमा पातलो हुनेगरी फिजाएर राख्न सकिन्छ । प्याजलाई लामो समयसम्म भण्डारण गर्नका लागि कोल्डस्टोरमा राख्नु पर्दछ ।

## १४. प्याजमा लाग्ने मुख्य-मुख्य रोग तथा कीराहरू र तिनको नियन्त्रण

### १४.१ कीरा

#### १४.१.१ थ्रिप्स

यो प्याजमा आक्रमण गर्ने एक प्रमुख कीरा हो । यी कीराहरूले पातको रस चुसेर खाने भएकाले बिरूवा पहेलो हुन्छ ।



थ्रिप्स कीरा, तस्विर : इन्टरनेट

**व्यवस्थापन**

» निमजन्य विषादी ३-५ मि.लि. प्रति लिटर पानीमा मिसाइ छर्ने ।
» निरन्तर रूपमा निम केकको प्रयोग गर्दा यस कीराको आक्रमणमा कमी आँउछ ।
» झोलमल बनाएर प्रयोग गर्ने वा गाईबस्तुको मुत्र र पानी (१:४) को अनुपातमा मिसाइ २-३ दिनको फरकमा पटक पटक छर्ने ।
» बेर्ना सारी सकेपछि नियमित रूपमा खरानुको प्रयोग गर्ने ।

### १४.२ रोग

#### १४.२.१ डाउनी मिल्डयु

यो रोग लाग्दा पातमा सेतो ढुसिको विकास हुनुका साथै बोटको वृद्धि विकास कम हुन्छ र गाना साना हुन्छन् ।



डाउनी मिल्डयु, तस्विर : इन्टरनेट

**व्यवस्थापन**

» ब्याडमा पानी जम्न नदिने र उचित निकास मिलाउने ।
» स्वस्थ बिउ र बेर्नाहरूमात्र लगाउने ।
» बाली चक्र अपनाउने ।
» १ भाग झोलमलमा ३ भाग पानी मिसाई साताको दुई पटक बोट तथा जरा भिज्ने गरी छर्ने

#### १४.२.२ प्याजको कालो पोके

यो रोग लागे पछि पातको फेदमा धेरै काला फोकाहरूदेखिन्छन् ।



प्याजको कालो पोको, तस्विर : इन्टरनेट

**व्यवस्थापन**

» बाली चक्र अपनाउने ।
» स्वस्थ बिउ र बेर्नाहरूमात्र लगाउने ।
» रोगी बिरूवामा कालो धव्वाहरूदेखेपछि उखेली नष्ट गर्नुपर्छ ।

# १५. प्याज बजारीकरणका लागि सर्म्पक विवरण

## १५.१ कृषि बजार सुर्खेतको विवरण

| मण्डी तथा स्टलको नाम | सञ्चालकको नाम | मोबाईल नम्बर |
|---|---|---|
| बाबु एण्ड शाही मण्डी | प्रवल शाही | ९८५८०५००६२ |
| महतरा एण्ड कटेल तरकारी पसल | कल बहादुर महतरा | ९८५८०५३०३४ |
| सापकोटा फलफूल तथा तरकारी पसल | सावीत्री सापकोटा | ९८४८२१२६०८ |
| चन्द्रा तरकारी तथा फलफूल पसल | चन्द्रा कुमारी शाही | ९८६८००१८४६ |
| न्यू सुर्खेत तरकारी तथा फलफूल पसल | टेक बहादुर खत्री | ९८४८१०३०७३ |
| मनिकापुर कृषक वहुउद्देश्यि स.सं.लि. | नारद प्रसाद भट्टराई | ९८४८०५१५११ |
| सुर्खेत जिल्ला IPM सञ्चालन कृषि संघ | यादव पन्त | ९८४८०७५३४४ |
| शर्मा तरकारी पसल | धनिराम शर्मा | ९८४८०३९४९४ |
| ज्वाला तरकारी तथा फलफूल पसल | कृष्ण बहादुर शाही | ९८४८१९५६५३ |
| शाही तरकारी तथा फलफूल पसल | टोपेन्द्र जंग शाही | ९८४८०४७३७८ |
| रेखा फलफूल तथा तरकारी पसल | पदमा महतारा | ९८५१०७७२८७ |
| नविन फलफूल तथा तरकारी पसल | पुर्णा खत्री | ९८४८२८८३३४ |
| रोसन तरकारी तथा फलफूल पसल | रतन महतारा | ९८६८०३३६५२ |
| कमल तरकारी तथा फलफूल पसल | राम प्रसाद चालिसे | ९८४८०६८१५९ |
| धिताल अर्गानिक फलफूल तरकारी पसल | टिका राम धिताल | ९८४८३९६६४१ |
| भरत तरकारी तथा फलफूल पसल | भरत जंग शाही | ९८६८१०३९९४ |

| मण्डी तथा स्टलको नाम | सञ्चालकको नाम | मोबाईल नम्बर |
|---|---|---|
| विन्दु तरकारी तथा फलफूल पसल | धन बहादुर शाही | ९८४८३९९०४२ |
| न्यौपाने फलफूल पसल | कृष्ण प्रसाद न्यौपाने | ९८४८१५८३६९ |
| महतरा तरकारी फलफूल पसल | जय बहादुर महतरा | ९८६८११९९९९ |
| थापा आलु प्याज तथा तरकारी सप्लायर्स | जैकली थापा | ९८६६७४५०७२ |
| हिमाली सप्लायर्स | गोविन्द नाथ योगी | ९७५८००२२९० |
| पुजा सब्जी मण्डी | पुजा सिंह | ९८४८०४८३३१ |
| के.पि. सब्जी मण्डी | प्रकाश शाही | ९८५८०५१६८५ |
| देवकोटा सब्जी मण्डी | लक्ष्मण खत्री | ९८५८०५१६२६ |
| राम किशोर फलफूल तथा तरकारी पसल | डिलकली कामी | ९८४८२४३०२९ |
| प्रकाश फलफूल तरकारी पसल | प्रकाश तिमेल्सीना | ९८५८०५२५१५ |
| के.पि. सब्जी मण्डी | प्रकाश शाही | ९८५८०५१६८५ |
| देवकोटा सब्जी मण्डी | लक्ष्मण खत्री | ९८५८०५१६२६ |
| राम किशोर फलफूल तथा तरकारी पसल | डिलकली कामी | ९८४८२४३०२९ |
| प्रकाश फलफूल तरकारी पसल | प्रकाश तिमेल्सीना | ९८५८०५२५१५ |

## १५.२ कृषि बजार व्यवस्थापन समिति पदाधिकारीहरूको सम्पर्क नम्बर

### सुर्खेत

| नाम | पद | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|
| टोपेन्द्र जंग शाही | अध्यक्ष | वी.न.पा. ६ सुर्खेत | ९८४८०४७३७८ |
| डिल्ली प्रसाद पाण्डे | सदस्य | वी.न.पा. ८ सुर्खेत | ९८५८०५०२१३ |
| लक्ष्मी पौडेल | सदस्य | भेरीगंगा.न.पा. ४ सुर्खेत | ९८६८९११२५९ |

### कोहोलपुर

| नाम | पद | ठेगाना | सम्पर्क नम्वर |
|---|---|---|---|
| उदयराम वली | कोहोलपुर तरकारी बजार समिति अध्यक्ष | कोहोलपुर, बाँके | ९८४८१७१३१२ |
| चित्रा पाठक | व्यवस्थापक | कोहोलपुर, बाँके | ९८५८०३४०३० |

# सन्दर्भ सामाग्री


» कृषि डायरी : २०७९, कृषि सूचना तथा प्रशिक्षण केन्द्रद्वारा प्रकाशित हरिहरभवन, ललितपुर ।

» बसन्त चालिसे, राजकुमार गिरी ,भीम बहादुर महत : २०७२, प्याज बीउ उत्पादन प्रविधि । वागवानी अनुसन्धान केन्द्र राजीकोट, जुम्ला ।

» प्याज खेती तथा बीउ उत्पादन प्रविधि : २०७०, कृषि व्यवसाय प्रवर्धन तथा तथ्याङ्क महाशाखा सिंहदरबार, काठमाडौं, नेपाल ।

» तरकारी खेती प्रविधि : २०६८, कृषि व्यवसाय प्रवर्धन तथा तथ्याङ्क महाशाखा सिंहदरबार, काठमाडौं नेपाल

» सुर्य प्रकास भटराई, केदार बुढाथोकी, फूल प्रसाद सुवेदी : २०५०, प्याज खेतिका उन्नत प्रविधिहरू। लुम्ले कृषि अनुसन्धान केन्द्र, कास्की, नेपाल



थप जानकारीका लागि सम्पर्क

**जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)**

प्रधान कार्यालय : पो.ब.नं. ३२४, पोखरा, कास्की फोन : ०६१-५७६८३४, ५८५३५७ । इमेल : info@libird.org

कार्यक्रम समन्वय कार्यालय : सानेपा, ललितपुर फोन : ०१-५४४०३३० । वेब : www.libird.org

तयारकर्ता : ऋषि राज वली र नर्तम बहादुर बोगटी, ली-बर्ड । डिजाइन तथा लेआउट : हेम जि.सी, ली-बर्ड



यस खेती प्रविधि सम्बन्धी जानकारी रियलाईज (REALIZE) परियोजनाद्वारा तयार पारिएको हो।